# मालारानी राजपत्र

मालारानी गाउँपालिका, अर्घाखाँचीद्धारा प्रकाशित

खण्ड-४, मालारानी गाउँपालिका, मितिः २०७८/०३/२२ संख्या : ३


## भाग १

## मालारानी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

# मालारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८

गाउसभाबाट पारित मितिः २०७८।०३।२०

**प्रस्तावनाः** साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हालसम्म स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समायोजन, तह मिलान र वढुवा जस्ता वृति विकासका विषयमा देखिएको अस्पस्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोवल उच्च गराउन कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले  समायोजन ऐन २०७५ को दफा २३ मा भएको व्यवस्था वमोजिम स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिम मालार ानी गाउँपालिकाको गाउँ सभाले यो ऐन वनाई लागु गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः मालारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन,२०७८ हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"कर्मचारी"** भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्त भई यो ऐन जारी हुँदाको वखतसम्म मालारानी गाउँपालिकामा कार्यरत रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ख) **"समायोजन ऐन"** भन्नालेसंघीय सरकारबाट कर्मचारी समायोजनका लागि जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) **"गाउँ सभा"** भन्नाले मालारानी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(घ) **"कार्यपालिका"** भन्नाले मालारानी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मालारानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) **"स्थानीय तह"** भन्नाले मालारानी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) **"न्युनतम शैक्षिक योग्यता"** भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(ज) **"कर्मचारी व्यवस्थापन"** भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सर कार संचालन ऐन २०७४ को दफा ८५ बमोजिम स्थानीय तहमा स्वत समायोजन/साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा समायोजनका बखतमा तह बृद्धि नभएका स्थायी कर्मचारीहरुलाई दफा ४ बमोजिम हुने तह वृद्धि/ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

**३. संगठन संरचना तथा कर्मचारी दरवन्दीः**

१. यस ऐन बमोजिम हुने स्तरवृद्धि वा तहवृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा संरचनामा रहेको पद/तहमा सोही बमोजिम र नभएको हकमा संगठन संरचना अध्ययन भै गाउँ सभाले स्वीकृत नगरेसम्म स्वतः पुल दरवन्दीमा कायम रहनेछन ।

**४. समायोजन तह बृद्धि मिलान सम्वन्धी व्यवस्थाः**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भएका साविकका स्थानीय

निकायका कर्मचारीहरुलाई समायोजन भएको मितिबाट जेष्ठता गणना हुने गरी एक पटकका लागि मात्र देहाय बमोजिम समायोजन तह बृद्धि/ मिलान तथा ग्रेड वृद्धि गर्ने र यसरी तह बृद्धि/ मिलान तथा ग्रेड वृद्धिबाट थप हुने दायित्व गाउँपालिकाबाट व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि मुल्याङ्कन समेतका आधारमा गरिनेछ ।

(३) यो ऐन जारी भएको मितिसम्म स्थायी सेवा अवधि ७ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको तह वृद्धि/ मिलान वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नु पर्नेछ ।

| सि.नं. | साविकको तह | हाल समायोजन, तह बृद्धि /मिलान हुने तह | थप ग्रेड | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | श्रेणी विहिन | श्रेणी विहिन | २ | |
| २ | सहायक चौथो | सहायक पाँचौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह |
| ३ | सहायक पाँचौ | अधिकृत छैठौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह |
| ४ | अधिकृत छैठौ | अधिकृत सातौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह सो सरह उत्तीर्ण |
| ५ | अधिकृत सातौ | अधिकृत आठौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह सो सरह उत्तीर्ण |

*द्रष्टव्यः प्राविधिक तर्फ तह वृद्धि हुने कर्मचारीको हकमा सम्वन्धित तहको प्राविधिक विषय उत्तीर्ण गरेको हुने पर्नेछ र शैक्षिक योग्यता तथा सेवा अवधि नपुगेका कर्मचारीको हकमा २ ग्रेड थप गरिने छ ।*

**५. समायोजन, तहबृद्धि/ मिलान पत्र दिनेः** (१) यस ऐन बमोजिम समायोजन तह बृद्धि/मिलान भए पश्चात स्थानीय तहका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह बृद्धि/मिलान भएको पत्र १५ दिन भित्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची -१ बमोजिम हुनेछ ।

**६. तह बृद्धि/मिलान गरिनेः** यस ऐन बमोजिम समायोजन तह बृद्धि/ मिलान भए पश्चात गाउँपालिकाले संगठन संरचना र दरवन्दी बमोजिम पदस्थापन गर्ने र पद/तह नभएकाको हकमा दरबन्दी पुनरावलोकन गरी गाउँसभाबाट संगठन संरचना स्वीकृत भए पछि पदस्थापना गर्ने र सो अवधि सम्म तह

मिलान भएका कर्मचारीहरुलाई स्वत पुल दरवन्दीमा कायम गरिनेछ ।यसरी तह मिलान भइ रिक्त हुने तल्लो पदमा संगठन तथा व्यव्थापन सर्वेक्षण गरी पद मिलान नहुदा सम्म त्यसरी रिक्त  हुने पदमा कुनै पनि प्रक्रियाबाट पदपुर्ति गरिनेछैन ।

७. **समायोजन तह बृद्धि/मिलान भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन बमोजिम समायोजन तह बृद्धि/मिलान भएका स्थानीय तहका कर्मचारीहरुको तलव तथा अन्य सुविधा कानूनबमोजिम हुनेछ ।तहबृद्धि/ मिलान गर्दा साविकमा खाई पाई आएको तलव र हालको तहमा मिलान हुदाको तलव वरावर भएमा एक ग्रेड थप गरिने छ।

८. **थप ग्रेड सुविधाः** साविक स्थानिय निकायको एउटै पद र तहमा कम्तिमा दश वर्ष वा सो भन्दा बढि अवधिसम्म कार्यरत रहेको कर्मचारीको हकमा एक तह वृद्धी र दुई ग्रेड थप गरिनेछ ।

९. **जेष्ठता गणनाः** (१) समायोजन तह मिलान भए पश्चात हुने पदको जेष्ठता यस गाउँपालिकामा समायोजन भएको मितिदेखि गणना गरिनेछ ।

१०. **खारेजी र वचाउः** यो ऐन संविधान, संघीय कानून र प्रदेश कानून सँग बाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची १

दफा ४ को उपदफा -२) सँग सम्वन्धित

पत्र संख्या :

चलानी नं.: मिति ......................

**विषयः समायोजन तह मिलान गरिएको.**

श्री......................................

मालारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ र यस कार्यालयको मिति ...................... गतेको निर्णयानुसार मिति .......................... गतेदेखि जेष्ठता कायम हुने गरी तपाईंलाई देहायको पद तथा तहमा समायोजन तह मिलान गरिएको छ ।

**देहायः**

| हाल कार्यरत पदको विवरण | समायोजन तह मिलान भएको पदको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समूहः | पदः<br>तहः<br>सेवाः<br>समूहः |

....................................

प्रमुख प्रशा;कीय अधिकृत

**वोधार्थः**

श्री सघीय मामिला तथा ;ामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ल'म्बिनी प्रदेश, मुकाम बुटवल ।

श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।

श्री कर्मचारी सचय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासनशाखा, मालारानी गाउँपालिका ।

आज्ञाले

रमेश पन्थी

प्रमुख प्रशासकिय अधिकृत